# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
च.नं.:

www.aurahimunmahottari.gov.np
aurahimunmahottari@gmail.com


## स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी प्रसताव आह्वान सम्बन्धी सूचना ।

(तेस्रो पटक प्रकाशित मितिः- २०८३/०१/०८)

उपरोक्त सम्बन्धमा यस नगरपालिका आ.व.२०८२/०८३ को सशर्त कार्यक्रम अन्तर्गत स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा १२ मा उल्लेखित भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तिकरण सम्बन्धी काम गर्ने इच्छुक संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३ दिनभित्र स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि,२०८२ को अनुसुचि ४ बमोजिमको ढाँचामा तपसिलको योग्यता, विवरण तथा कागजात सहित निवेदन यस औरही नगरपालिकाको महिला बालबलिका तथा ज्येष्ठ नागरिक शाखामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

- संस्थाको विधान वा उदेश्य, परिचय, कार्यसंचालन प्रक्रिया, भौतिक तथा वित्तिय श्रोत सम्बन्धी विवरण ।
- प्रस्तावित व्यवासायको अवधारणा पत्र, व्यवासायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यावसायिक योजना विवरण।
- प्रचालित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखापरिक्षण प्रतिवेदन ।
- प्रस्तावित कार्यक्रममा संस्थाले गरिने योगदानको अंश, अन्य निकायबाट प्रस हुने सम्भाव्य सहियोग वा साझेदारिको श्रोत सहितको यथार्थ विवरण ।
- कालो सूचिमा नपरेको र प्रचालित कानुन बमोजिम अयोग्य नरहेको स्वघोषणा पत्र ।
- संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनुसुचि ५ बमोजिमको ढाँचामा कृषि पशुपालन तथा उत्पादन मुलुक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र गैर कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरि व्यवसायिक योजना पेश गर्नु पर्नेछ ।
- व्यवसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्थाले दफा १२ मा उल्लेख भएका लक्षित समुदायको महिलाले आय आर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तिकरण हुने कार्यान्वयन कार्य योजना समेत संलग्न गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

नोटः- स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०८२ यस औरही नगरपालिकाको वेवसाईट www.aurahimunmahottari.gov.np हेर्न सकिन्छ ।

.......................

निलाम्बर मिश्र

नि.प्रमुख प्रशासकीय अधिकृत